472015-AP-Sat-07.qxd 7/3/2015 10:03 PM Page 1
CMYK

अन्नपूर्ण
फुर्सद
शनिबार विशेष
शनिबार, १९ असार २०७१ | SATURDAY, JULY 4, 2015
fursad@3ni.com.np
annapurnapost.com



तस्बिर सौजन्य : डाफ लेर्क



# हिमगुफाको पछिपछि

हिमगुफामा मउरिस



पिताम्बर सिग्देल



प्रेमिका सावित्री कुमालका साथ मउरिस

**फ्रान्सको** राजधानी पेरिसदेखि ६ घन्टाको दूरीभित्रमा पुग्ने कार्बोन नाउँलिक धुप्रै हिमगुफा छन्। सानैदेखि हिमाल, हिमगुफा र हिमाली जीवनबारे रुचि राख्ने मउरिसलाई पहिलोपटक सन् १९९९ मा नेपाल आउँदा यहाँको सौन्दर्यले तानिसकेको थियो। १६ वर्षदेखि लगातार नेपाल आइरहेका यी फ्रान्सेली पर्यटकले त्यसपछिको आधा समय नेपालमै बिताइरहेका छन्। स्वयम्भूनाथिकै सानो भन्याङबाट भित्र पसेपछि पुगिने रुविनको फेदमा हालैको एक मध्याह्न भेटिएका मउरिस बारम्बार आफूलाई नेपाली भनिदिन आग्रह गरिरहेका थिए। संखुवासभाका छवा शेर्पाको अनुवादमा फ्रेन्च भाषामा गफिन थालेका मउरिसले नेपाली प्रकृति र सौन्दर्यका बारेमा कयौं नयाँ तथ्य उजागर गरिदिए। उनले बरफ (आइस)बाट बनेका नेपाली गुफाका बारेमा नौला तथ्यहरू संकलन गरेका छन्।

•••

सन् १९९९ मा पहिलोपटक नेपाल आउँदा उनी सीधै अन्नपूर्ण आधार शिविरतिर हानिए। सहयोगी शेर्पा लिएर काठमाडौंबाट निस्किएका उनले त्यसपछिका १६ वर्षमा नब्बेभन्दा बढीपटक ट्रेकिङरुट पहिल्याइसकेका छन्। सुदूरपूर्वको कञ्चनजंघादेखि सगरमाथा, अन्नपूर्ण हुँदै खप्तड क्षेत्रसमेत भ्याइसकेका छन्। फ्रेन्च प्रहरीमा लामो समय सेवा गरेर निवृत्त हुँदा उनी परिवारमा पनि एक्लो भइसकेका थिए। श्रीमतीसँगको सम्बन्धविच्छेदपछि उनले मन भुलाउन नेपाल आउने क्रम बढाएको बताए। 'पहिलोपटक एकपटकका लागि घुम्न आएको थिएँ, त्यसपछिका समय मलाई नेपाल आउँदा सबै संसार बिर्सन्छु', मउरिसको अनुभूतिसँगै भएका छवा नेपालीमा उल्था गरिदिए। सुरुमा रहरले नेपाल आएका मउरिसलाई अहिले नेपाल नशा भइसकेको छ। हरेक वर्ष औसत ६ महिना नेपाल बस्ने उनी यसबीचका दुई महिना पदयात्रामा निस्कन्छन्। 'म नेपाली हुँ भन्दा गर्व लाग्छ, मैले नेपालका हरेक कुना टेकेको छु', उनले भने।

•••

पदयात्रा मउरिसको पेसा होइन। साहसिक पर्यटनमा रमाउने उनी घुम्दाघुम्दै देशले नदेखेका गुफाहरूमा पुगे। उनी अहिले हरेक यात्रामा गुफाको खोजी गर्छन्। बरफले बनेका ठूला गुफा पत्ता लगाउने र फोटो खिच्ने उनको सोख हो। हिमाली क्षेत्रलाई संसारभरि चिनाउन उनले हालसालै संस्था खोलेर प्रचारप्रसारसमेत थालेका छन्। 'मलाई पैसा चाहिँदैन नेपाललाई संसारले सुन्दर छ भनेर चिनिदिए पुग्छ', उनले भने। हरेक वर्ष फ्रान्स गएर साथीभाइ र आफन्तसहित उनी नेपाल घुम्न आउँछन्। अघिल्लो वर्ष १४ जनासाथी लिएर पदयात्रामा निस्किएका मउरिस यो वर्ष पनि १० जना साथी ल्याउने सुरसारमा छन्। हरेक वर्ष पदयात्रामा निस्कँदा कुनै न कुनै नयाँ गुफा पत्ता लगाएर मात्रै फर्कन्छन्। बरफबाट

बनेका ठूला पुराना गुफाको पछिल्लो अवस्था

अध्ययन गर्छन् र फर्किन्छन्। उनले बितेको १६ वर्षमा चालीसदेखि पचास नयाँ हिम गुफा पत्ता लगाएका छन्। जमेको बरफलाई पानीले खोलेपछि बन्ने गुफाको सौन्दर्य अलौकिक हुने उनको अनुभव छ। उनले खिचेका गुफाको फोटो रुविनमा उनी बस्ने भुइँतलाको भित्तामा झुन्ड्याएका छन्। हरेक गुफाको परिचय र लोकेसन उल्लेख गरिएका हिमगुफा देख्दै लोभलाग्दा छन्।

उनले १५ मिटर गहिरोदेखि दुई सय मिटर लामोसम्मका हिमगुफा भेटेका छन्। बढीमा तीनदेखि चार वर्षमात्रै हिमगुफा एउटै आकारमा रहन सक्ने उनको अनुभव छ। 'अघिल्लोपटक देखेको गुफा दुई वर्षपछि जाँदा भत्किसकेको हुन्छ वा त्यसको आकार बदलिइसकेको हुन्छ', उनले हिम गुफाको बेलिविस्तार लगाए, 'धेरै त भत्किसकेका हुन्छन्, सँगसँगै नयाँ ठाउँमा नयाँ गुफा देखा परेका हुन्छन्।'

उनले देखेका भेटेका गुफा अध्ययनका विषय हुन्। जलवायु परिवर्तनका कारण ती गुफाको आकार बदलिएको उनको अनुमान छ। वैज्ञानिक अनुसन्धान नभए पनि तापक्रम वृद्धिकै कारण बरफ पग्लिने र नयाँ गुफा बन्ने क्रम जारी रहने उनको निष्कर्ष छ। मउरिसको तर्कसँग हिमताल विज्ञहरूसमेत सहमत छन्।

•••

नेपाल यात्राको १४ वर्षपछि मउरिसले जीवनमा कल्पनै नगरेको घटनाको साक्षी बन्नुपर्‍यो। सन् २०१३ को सेप्टेम्बर २२ मा अन्नपूर्ण पदयात्राका लागि आधार शिविरबाट उकालो लागेका चारजनाको समूहले अचानक आएको डरलाग्दो हिमपहिरोको सामना गर्नुपर्‍यो। बेस क्याम्पमा बास बसेर बरफले बनेका गुफा हेर्न एक दिन माथि क्याम्प खडा गरेर एकरात बास बसेका थिए। अर्को दिन बिहानै खाना खाएर गुफा हेर्न गइरहेको मउरिसको समूहका दुई सदस्य अघिअघि थिए। सहयोगी छवा र उनी फोटो खिच्दैखिच्दै उकालो चढ्दै थिए। हिँड्दाहिँड्दै पेट दुखेपछि मउरिस दिसा गर्न ढुंगाको कापमा बसे, छवा अलि माथि पुगिसकेका थिए। उनले दिसा गरिनसक्दै उठेर जमिन नै थर्काउने गरी हिमपहिरो आउन थाल्यो। होशहवास उडे पनि उनले हातमा भएको क्यामेरा पहिरोतिर फर्काए। 'करिब पाँच सय मिटरमात्रै नजिक केही अग्लो ठाउँमा थिएँ, हिमपहिरो गहिरो खोल्सी परेको भागबाट ओरालो झर्‍यो।' मउरिस घटना विवरण सुनाउँदा उत्तेजित भइरहेका थिए। पहिरोमा आएका ठूला ढुंगा, पानी र आइसको छिटा उनी भएसम्म उफ्रिँदै थियो। उनीसँग त्यो बेला त्यहाँ उम्कनुको विकल्प थिएन। ढुंगामाथि ठिंग उभिए र आफूसँग भएको सामान्य क्यामेराले हिमपहिरो खिचिरहे। करिब बीस मिनेट त्यो दुर्लभ दृश्य खिचेपछि उनी थचक्क भुइँमा बसे। 'त्यति बेलाचाहिँ लाग्यो, कसरी बाँचिएछ। अब पुनर्जन्म पाएँ भनेमात्रै लागिरह्यो', मउरिस मलीन भए।

उनले खिचेको त्यो भिडियो हेर्दै आङसिरिंग हुन्छ (हेर्नुस् भिडियो)। चार हजार दुई सय मिटर उचाइमा खिचिएको पहिरो हिमताल फुटेर आएको पहिरो थियो। पाँच हजार पाँच सय मिटरमाथि जम्मा भएको हिमताल विस्फोट हुँदा ठूलो पहिरो आएको थियो। ढुंगा र हिउँको पहिरो सकिएपछि पानी झन् ठूलो मात्रामा बगेको थियो।

उच्च हिमाली भेगबाट हिमपहिरो आउने घटना पछिल्लो समयमा बढेका छन्। जलवायु परिवर्तनकै कारण यस्ता घटना बढ्ने चेतावनी विज्ञहरूले दिइरहेका छन्। उनका अनुसार अन्नपूर्णको पूर्वी भागबाट आएको पहिरोको लम्बाइ एक किलोमिटर लामो र चौडाइ पाँच सय मिटर थियो। पहिरोमा चालीस मिलियन क्युबिक मिटर पानी बगेको अनुमान छ। उनको अनुमानमा वैज्ञानिकहरूले समेत सहमति जनाएका छन्। इसिमोडका हिमालविद डा. अरुणभक्त श्रेष्ठले जलवायु परिवर्तनका कारण यस्ता घटना बढिरहेको बताउँदै स्थानीय समुदाय सक्रिय भएमात्रै सबै घटना बाहिर आउने बताए। 'यस्ता पहिरो धेरै स्थानमा आएका छन् तर हाम्रो जानकारीमा आउँदैनन्', श्रेष्ठले भने। मउरिसको यो भिडियो इसिमोडले हालै छलफलका लागि प्रदर्शन गरेको थियो।

यो दुर्लभ भिडियो नेपाल चिनाउन र नेपालले भोगिरहेको समस्या संसारलाई देखाउन विभिन्न ठाउँमा प्रदर्शनको तयारीसमेत उनले गरेका छन्। आउँदो डिसेम्बरमा फ्रान्सको राजधानी पेरिसमा हुने जलवायु परिवर्तनसम्बन्धी विश्व सम्मेलनमा देखाउने उनको चाहना छ। 'मलाई सरकारले सहयोग गरे, यो भिडियो संसारभरिका नेता र जलवायु परिवर्तनमा चासो राख्नेलाई देखाउन पाइन्थ्यो', उनले भने, 'नेपालले भोगिरहेको समस्या संसारलाई बुझ्न यसले सघाउँथ्यो। १९ पटकसम्म लाङटाङयात्रा गरेका उनी दुई महिनाअघि आएको भूकम्पले गाउँ नै बगाउन पनि यस्तै पहिरो गएको अनुमान गर्छन्। माथिबाट आएको पहिरोले तलको गाउँ बगायो, उनले देखेका धेरै गाउँठाउँ अझै यस्ता हिमपहिरोको खतरामा छन्।

•••

करिब ६ महिना नेपालमा बिताउने मउरिस यसपालि नेपाललाई औपचारिक रूपमै ससुराली बनाउने सुरसारमा छन्। पहिलो पत्नीसँग सम्बन्धविच्छेद भएपछि एक्लिएका उनी गोरखाकी सावित्री कुमालसँगको प्रेममा छन्। पर्वतको कुस्मामा रहेको गुफा हेर्न जाँदा चिनजान भएकी कुमालसँग बिहेको लागि औपचारिक रूपमा वकिलमार्फत प्रक्रिया अघि बढाइसकेका छन्। गुफा हेर्न पर्वत पुगेका मउरिसले त्यहाँ सुरक्षा गार्डको काम गरिरहेकी कुमाललाई देखेका थिए। 'आफ्ना श्रीमान् कालीगण्डकीमा बेपत्ता भएपछि एक्लिएकी कुमाललाई समाजले हेर्ने दृष्टिकोणसमेत राम्रो थिएन। मउरिसले भेटेपछि उनीहरू नजिकिए', मउरिसले अध्ययनमा सघाइरहेका ओखलढुंगाका छवा शेर्पाले भने।

गनीबनस्थित उनीहरूको निवासमा पुग्दा कुमाल पनि सँगै थिइन्। पहिलेका पतिबाट जन्मिएका एक छोरालाई समेत मउरिसले नै पढाइरहेका छन्। 'हामी यो वर्ष बिहे गर्ने तयारीमा छौं', कुमालले भनिन्। गोरखा जिल्लाको बर्लाङगाविसकी कुमाल मउरिससँग फ्रेन्च भाषा सिकिरहेकी छन्। उनी बोल्न नजाने पनि बोलेको भने बुझ्नसक्ने भएकी छन्। 'म आइस गुफा पत्ता लगाउँदै हिँड्ने मान्छे। मेरा लागि गुफाजति सुन्दर अरू केही छैन तर आजकाल त्यो गुफाभन्दा सुन्दर मलाई सावित्री लाग्छ', मउरिसले प्रशंसा गरिरहँदा मुहारमा टुसुक्क बसेकी सावित्री लाजले रातोपिरो भइन्।

**पदयात्रा मउरिसको पेसा होइन। साहसिक पर्यटनमा रमाउने उनी घुम्दाघुम्दै देशले नदेखेका गुफाहरुमा पुगे। उनी अहिले हरेक यात्रामा गुफाको खोजी गर्छन्।**